## सामाजिक सुरक्षा कोष

## प्रशासन सेवा, सामान्य प्रशासन/लेखा/ वित्त समूह, नवौ तह, उपनिर्देशक पदको  खुला र आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

एवं परीक्षा योजना

**पाठ्यक्रमको रुपरेखाः-** यस पाठ्यक्रमको आधारमा निम्नानुसारका चरणमा परीक्षा लिइने छ :

**प्रथम चरण :-** लिखित परीक्षा — पूर्णाङ्क :- २००

**द्वितीय चरण :-** (क) प्रस्तुतिकरण — पूर्णाङ्क :-२०

(ख) अन्तर्वार्ता — पूर्णाङ्क :- ३०

**१. प्रथम चरण : लिखित परीक्षा** — **पूर्णाङ्कः–२००**

<table>
<tr><th>पत्र</th><th>विषय</th><th>पूर्णाङ्क</th><th>उत्तीर्णाङ्क</th><th colspan="2">परीक्षा प्रणाली</th><th>प्रश्न संख्या x अङ्क</th><th>समय</th></tr>
<tr><td rowspan="2">प्रथम</td><td rowspan="2">सार्वजनिक ब्यवस्थापन र सामाजिक सुरक्षा</td><td rowspan="2">१००</td><td rowspan="2">४०</td><td rowspan="2">विषयगत</td><td>तर्कयुक्त विश्लेषणात्मक प्रश्न</td><td>६ प्रश्न x १० अङ्क</td><td rowspan="2">३ घण्टा</td></tr>
<tr><td>समस्या समाधानमुलक प्रश्न</td><td>२ प्रश्न x २० अङ्क</td></tr>
<tr><td rowspan="2">द्वितीय</td><td rowspan="2">सेवा सम्बन्धी</td><td rowspan="2">१००</td><td rowspan="2">४०</td><td rowspan="2">विषयगत</td><td>तर्कयुक्त विश्लेषणात्मक प्रश्न</td><td>६ प्रश्न x १० अङ्क</td><td rowspan="2">३ घण्टा</td></tr>
<tr><td>समस्या समाधानमुलक प्रश्न</td><td>२ प्रश्न x २० अङ्क</td></tr>
</table>

**२. द्वितीय चरणः  प्रस्तुतिकरण र अन्तर्वार्ता** — **पूर्णाङ्कः- ५०**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| प्रस्तुतिकरण | २० | ब्यक्तिगत प्रस्तुतिकरण |
| अन्तर्वार्ता | ३० | मौखिक |

**द्रष्टव्यः**

१. प्रथम चरणको लिखित परीक्षामा उल्लिखित प्रथम पत्र "सार्वजनिक ब्यवस्थापन र सामाजिक सुरक्षा" विषयको पाठ्यक्रमको विषयवस्तु प्रशासन सेवा, सामान्य प्रशासन, लेखा र वित्त समूहको लागि एउटै (Common) हुनेछ । तर द्वितीय पत्र "सेवा सम्वन्धी" विषयको पाठ्यक्रम सम्बन्धित समूह अनुरुप फरक फरक हुनेछ ।

२. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

३. प्रथम र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ।

४. लिखित परीक्षामा सोधिने प्रश्नसंख्या र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिईएअनुसार हुनेछ ।

५. विषयगत प्रश्नका हकमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरू (Short notes) सोध्न सकिने छ ।

६. बिषयगत प्रश्नमा प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरू हुनेछन्। परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

७. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरू परीक्षाको मितिभन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

८. प्रथम चरणको परीक्षाबाट छनौट भएका उम्मेदवारहरूलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ।

९. द्वितीय चरणको प्रस्तुतिकरणको लागि सेवा/समूह संग सम्वन्धित रहनेगरी कुनै एउटा समसामयिक घटना वा विषयवस्तु दिइनेछ जसको अध्ययन गरी प्रस्तुतिकरण तयार गर्नको लागि ४५ मिनेटको समय प्रदान गरिने छ र ब्यक्तिगत प्रस्तुतिकरणको लागि प्रत्येक उम्मेदवारहरूलाई छुट्टाछुट्टै ३० मिनेटको समय उपलब्ध गराइने छ ।

**१०. पाठ्यक्रम स्वीकृत मितिः २०८०/०८/२१**

**सामाजिक सुरक्षा कोष**

**प्रशासन सेवा, सामान्य प्रशासन/लेखा/ वित्त समूह, नवौं तह, उपनिर्देशक पदको खुला र आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**प्रथम-पत्रः**

**सार्वजनिक ब्यवस्थापन र सामाजिक सुरक्षा**

**खण्ड क - ५० अङ्क**

**(३ प्रश्न ×१० अङ्क र १ प्रश्न ×२० अङ्क)**

**१. सार्वजनिक व्यवस्थापन** **३० अङ्क**

१.१ राज्य र सरकार, सरकारको कार्यक्षेत्र र भूमिका, असल शासन र सह-शासनको अवधारणा

१.२ संघीयताः संघीयताका आयामहरू; वित्तिय संघियता; संघीयतामा संघ, प्रदेश र स्थानिय तहको भुमिका, जिम्मेवारी र कार्यहरू

१.३ लोकतन्त्र, समावेशीकरण र कानुनी राज्य

१.४ सार्वजनिक प्रशासनको नवीनतम अवधारणा

१.५ प्रशासनिक प्रतिवद्धता, निष्पक्षता र पारदर्शिता; राजनीति र प्रशासनको अन्तरसम्वन्ध

१.६ सार्वजनिक नीति तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन

१.७ सार्वजनिक सेवा प्रवाह, नागरिक सहभागिता र पृष्ठपोषण, सुचना प्रविधिको प्रयोग

१.८ सार्वजनिक प्रशासनमा व्यावसायिकता, नैतिकता र सदाचारिता; सम्पति सुद्धिकरण र भ्रष्टाचार निवारण

१.९ ब्यवस्थापन प्रणालीः ब्यवस्थापनको कार्य, प्रकृया, उदीयमान मुद्दाहरू

१.१० ब्यवस्थापनका सिद्धान्तहरू (Theories of Management) - Classical, Behavioural, Management Science, Contingency and Contemporary

१.११ संगठन तथा संगठनात्मक वातावरणको मुल्याङ्कन

१.१२ नेतृत्व सीप तथा प्रभावकारी सञ्चार

१.१३ उत्प्रेरणाः उत्प्रेरणाका सिद्धान्तहरू यसको कार्यान्वयन

१.१४ विकास ब्यवस्थापनका सवालहरुः दिगो विकास लक्ष्य, मानव विकास, लैङ्गिक सवाल, सहभागितामुलक विकास, जलवायु परिवर्तन

**२. अर्थव्यवस्था** **२० अङ्क**

२.१ नेपालको अर्थतन्त्रः संरचना, प्रमुख सूचकहरू, प्रवृत्ति, समस्या तथा चुनौतीहरू

२.२ वित्त तथा मौद्रिक नीति

२.३ सार्वजिनक वित्त ब्यवस्थापनः राजश्वको संरचना, कर प्रणाली र कर प्रशासन

२.४ सार्वजनिक खर्च व्यवस्थापन, खर्च प्रवृती सार्वजनिक ऋण र ऋण ब्यवस्थापन

२.५ नेपालमा सामाजिक सुरक्षाको खर्चको प्रवृत्ति र व्यवस्थापनका उपयाहरू

२.६ सार्वजनिक बजेटः सिद्धान्त, उद्देश्य, बजेट चक्र र बजेट कार्यान्वयनका समस्याहरू

२.७ अर्थतन्त्रका समसामयिक मामिलाहरू

२.८ सार्वजनिक वित्तिय उत्तरदायित्व र जिम्मेवारी

**सामाजिक सुरक्षा कोष**

**प्रशासन सेवा, सामान्य प्रशासन/लेखा/ वित्त समूह, नवौ तह, उपनिर्देशक पदको  खुला र आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**खण्ड ख - ५० अङ्क**

**(३ प्रश्न ×१० अङ्क र १ प्रश्न ×२० अङ्क)**

**३. सामाजिक सुरक्षा**

३.१ सामाजिक सुरक्षाका आधारभुत अवधारणाहरू

३.२ सामाजिक सुरक्षाको विश्वब्यापी मापदण्ड तथा सिद्धान्तहरू

३.३ अन्तर्राष्ट्रिय श्रम संगठन र सामाजिक सुरक्षा सम्वन्धी अभिसन्धिहरू

३.४ औपचारिक तथा अनौपचारिक क्षेत्रको सामाजिक सुरक्षाका विश्वब्यापी सवालहरू

३.५ श्रम प्रशासन. श्रम आप्रवासन र सामाजिक सुरक्षा

३.६ जर्मनी, अमेरिका, थाइल्याण्ड, भियतनाम, चिन र सार्क मुलुकहरूको सामाजिक सुरक्षाको अभ्यास

३.७ सामाजिक बीमा र निजि बीमाको अवधारणा र तुलना

३.८ नेपालको सामाजिक सुरक्षाः अवधारणा, विकासक्रम, विकास तथा विस्तारको लागी भएका प्रयासहरू

३.९ सामाजिक सुरक्षा सम्वन्धी कानुनी तथा संस्थागत ब्यवस्थाहरू

३.१० सामाजिक सुरक्षा कोषः नीतिगत, कानूनी, संस्थागत र कार्यक्रमगत व्यवस्थाहरू

३.११ सामाजिक सुरक्षा कोष, अवकाश कोष र सामान्य बचत कोष विच तुलनात्मक अध्ययन

३.१२ सामाजिक सुरक्षामा सरोकारवालाहरूको भूमिका

३.१३ एकिकृत सामाजिक सुरक्षा संरचनाको अवधारणा र आवश्यकता

३.१४ सामाजिक सुरक्षा र अन्तर-सम्वन्धित मुद्दाहरुः दिगो विकास, गरिवी निवारण, लैङ्गिक सशक्तिकरण, मानव अधिकार, मर्यादित श्रम, उत्पादकत्व र जनसाँख्यिक संरचना

३.१५ विभिन्न क्षेत्रमा कोषवाट सञ्चालित सामाजिक सुरक्षा योजनाहरू र सामाजिक सुरक्षाको पहुँच, पर्याप्तता र दिगोपनाको सवाल

३.१६ नेपालमा सामाजिक सुरक्षा सम्वन्धी समस्या, चुनौति र समस्या समाधानका उपायहरू